# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
## पार्किङ्ग शुल्क संकलन सम्बन्धि बोलपत्र आव्हानको सूचना
प्रथम पटक सुचना प्रकाशित मिति : २०७५/०६/२०

दोस्रो पटक सुचना प्रकाशित मिति : २०७५/०७/३०

पोखरा महानगरपालिका क्षेत्रमा पार्किङ्ग गर्ने सवारी साधनहरुलाई व्यवस्थित गरि (बस, ट्रक, मिनिबस, कार, ट्याक्सी, ट्र्याक्टर, मोटरसाइकल, स्कुटर) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६० वमाजिम दुई (२) वर्षका लागि ठेक्का बन्दोवस्त गर्नुपरेकोले सम्वन्धित सवैको जानकारीको लागि दोस्रो पटक यो सुचना प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही पार्किङ्ग शुल्क उठाउन चाहाने फर्महरुले निम्न मिति र समय भित्र यस कार्यालयमा टेण्डर फाराम खरिद गरी म्याद भित्र सिलवन्दि टेण्डर दर्ता गराउन सकिनेछ ।

१. टेण्डर फाराम खरिद गर्ने मिति, समय र स्थान :- दर्तावाला फर्महरुले मात्र रु ५,०००/-( पाँच हजार रुपैया फिर्ता नहुने गरि ) नगदै वा पोखरा महानगरपालिकाको मुक्तिनाथ विकास बैंकमा रहेको खाता नं ०२०१०२००१७६५५६०००००१ मा रकम जम्मा गरी सोको सक्कल भौचर बुझाई मिति २०७५ मंसिर १४ गते कार्यालय समय भित्र महानगरपालिका, खरिद इकाईबाट खरिद गर्न सकिनेछ ।

२. टेण्डर फाराम दाखिला गर्ने अन्तिम मिति : - २०७५ साल मंसिर १६ गते दिनको १२.०० बजेसम्म यस कार्यालयको खरिद इकाईमा बुझाइ सक्नुपर्नेछ ।

३.टेण्डर खोल्ने मिति समय र स्थान :– २०७५ साल मंसिर १६ गते दिनको २.०० बजे, पोखरा महानगरपालिकाको कार्यालय ।

४.टेण्डर खोल्दा टेण्डरवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । तर टेण्डरवाला वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि टेण्डर खोल्न बाँधा पर्ने छैन ।

५. टेण्डर दाखिला गर्दा आफुले कवोल गरेको दुई वर्षको मु.अ.कर समेतको कूल रकमको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम पोखरा महानगरपालिकाको मुक्तिनाथ विकास बैंक मा रहेको खाता नं ०२०१०२००१७६५५६०००००१ मा वा नगद जम्मा गरी सोको सक्कल भौचर वा नगदी रसिद, आयकर दर्ता प्रमाणपत्र एवं मु.अ.कर दर्ता प्र.प.को प्रतिलिपि, आ.व. २०७३/०७४ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि टेण्डर फाराम साथ संलग्न गर्नुपर्नेछ ।

६.स्वीकृत टेण्डरले कवोल गरेको रकम ४ (चार) किस्तामा दाखिला गर्नुपर्नेछ । सो मध्ये पहिलो किस्ता सम्झौताको बखत अग्रीम दाखिला गर्नुपर्ने र बाँकी किस्ताको लागी क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाउमा जारी भएको बैक ग्यारेन्टी दिनुपर्नेछ । किस्ता विवरण संझौतामा उल्लेख हुनेछ ।

७. उल्लेखित २ (दुई) बर्षको ठेक्काको लागी **भ्याट सहित रु ७,५७,११,९३८।९०/- (अक्षरुपी सात करोड सन्ताउन्न लाख एघार हजार नौ सय अड्तिस र पैसा नब्बे )** न्युनतम कवोल रकम कायम गरिएको छ ।

८. फाराम खरिद गर्ने र टेण्डर दिने अन्तिम मितिको दिनमा सार्वजनिक विदा परे सोको भोलिपिल्ट वा लगत्तै कार्यायलय खुलेको दिन र समय कायम हुनेछ ।

९. टेण्डर स्वीकृत भएको मितिले १५ दिन भित्र पहीलो किस्ता र जमानत दाखिला गरेपछी संझौता गरिनेछ । म्यादभित्र संझौता नगरेमा राखेको धरौटी जफत गरि नियमानुसार कारवाही अगाडी वढाइनेछ ।

१०.पोखरा महानगरपालिका संग भएको करारनामा र कार्यालयले दिएको आदेश निर्देशन अनुरुप ठेक्का संचालन गर्नुपर्नेछ । साथै आवश्यकता अनुसार सम्पुर्ण व्यवस्था सम्वन्धित व्यवसायी फर्म आफैले गर्नुपर्नेछ ।

११. पार्किङ्ग शुल्क असुली सम्वन्धि दर रेट निम्नानुसार रहेको छ ।

| सि.नं. | विवरण | मुख्य सडक क्षेत्र | अन्य सडक क्षेत्र |
|---|---|---|---|
| १ | ठूला सवारी साधन | ...... | रु ३० प्रति घण्टा |
| २ | मझौला सवारी साधन | रु ३० प्रति घण्टा | रु २० प्रति घण्टा |
| ३ | हलुका सवारी साधन | रु २० प्रति घण्टा | रु १५ प्रति घण्टा |
| ४ | मोटरसाईकल | रु १५ प्रति दिन | रु १० प्रति दिन |

१२.पार्किङ्ग स्थलहरु यस कार्यालयसंग समन्वय गरि जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीले तोके वमोजिम हुनेछ । ट्राफिक प्रहरी कार्यालयले No Parking तोकेको स्थान र पोखरा महानगरपालिकाले निःशुल्क पाकिङ्गस्थल तोकेको अवस्थामा पार्किङ्ग शुल्क असुल गर्न पाइने छैन ।

१३. रित नपुगेको र म्याद नाघी आएको टेण्डर माथी कुनै कारवाही गरिने छैन । प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसै कार्यालयमा सुरक्षित रहनेछ । थप जानकारीका लागी यस कार्यालयको खरिद इकाई फोन नं. 061 532680 मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**